NIC ASIA CAPITAL

Your Friend For Prosperity

5251

१ नेपाली एक DEMAT

**प्रेस विज्ञप्ति**

**फागुन २३, २०७७**

**"समृद्धिको हरेक पाइलामा हाम्रो साथ, छुट लिउ ५ मा पाँच"**

**क्यापिटल ४ वर्ष पुरा गरि ५ वर्ष पुगेको अवसरमा क्यापिटलबाट प्रदान गरिने ५ वटा योजनामा विशेष छुट ।**

एन आई सी एशिया क्यापिटल लिमिटेडको मिति २०७७ साल फागुन २२ गते संचालनमा आएको चार वर्ष पुरा गरेको छ ।

एन आई सी एशिया क्यापिटलले आफ्नो चौंथो वर्ष पुरा गरेको अवसरमा क्यापिटलबाट लगानी व्यवस्थापन (Portfolio Management Service-PMS) सेवा लिइरहनु भएका सेवाग्राहीहरु, हितग्राही खाता खोली कारोवार गर्नुहुने खाताधारकहरु, सामूहिक लगानी योजनामा लगानी गनुभएको इकाईधनीहरु, शेयर रजिष्ट्रार सेवामा आवद्ध कम्पनीहरु तथा नियमक निकायहरु लगायत सम्पूर्ण सरोकारवालाहरुमा समस्त क्यापिटल परिवार हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्न चाहान्छौं । क्यापिटलको वार्षिक उत्सवको अवसरमा क्यापिटलबाट प्रदान गरिने सेवाहरुमा मिति २०७७ साल चैत्र मसान्तसम्म विशेष छुटका साथ निम्न अनुसारको नयाँ/परिमार्जित योजनाहरु संचालनमा ल्याएको छ ।

## लगानी व्यवस्थापन सेवा अन्तर्गत (PMS):

लगानी व्यवस्थापन सेवा अन्तर्गत ग्राहकहरुलाई विशेष सुविधा र न्युन लागतमा उच्च कोटिको सेवा प्रदान गर्ने मुख्य उद्देश्यका साथ क्यापिटलले निम्न अनुसारको योजना संचालनमा ल्याएको छ ।

### १. Priority Services:

"मेरो लागनी, मेरो भविष्य" अन्तर्गत सेवाग्राहीहरुलाई उत्कृष्ट सेवा प्रदान गरि ग्राहकमुखी योजना वनाई उच्च प्रतिफल वितरण गर्ने मुख्य उद्देश्यका साथ यो योजना संचालन गरिएको हो । यस योजना अन्तर्गत लगानी व्यवस्थापन सेवा (PMS) लिने ग्राहकहरुले निम्न सेवा सुविधा प्राप्त गर्नेछन्:

(क) नि:शुल्क वार्षिक सेवा शुल्क ।

(ख) एक्जिट शुल्क नलाग्ने ।

(ग) पोर्टफोलियोमा उच्च कोटिको सेवा र उच्चतम प्रतिफलका लागि Dedicated RM को व्यवस्था गरिएको ।

(घ) अनलाईन मार्फत आफ्नो लगानीको निगरानी गर्न सकिने व्यवस्था मिलाईएको ।

### २. Share Clinic:

क्यापिटलको चौंथो वार्षिक उत्सवको अवसरमा उक्त सेवा लिने पहिलो ५० जना सेवाग्राहीहरुलाई नि:शुल्क Portfolio Screening & Analysis प्रदान गरिनेछ । जस अन्तर्गत पोर्टफोलियोमा कायम रहेका धितोपत्र/शेयरको इस्क्रिनिङ्ग गरि लगानीकर्ताको जोखिम बहन गर्ने क्षमता अनुरुप खरिद/बिक्री वा होल्ड गर्नको लागि परामर्श सेवा उपलब्ध गराईनेछ । साथै भौतिक रुपमा कायम शेयरहरुलाई अभौतिकीकरण गर्न समेत सहजिकरण गरिने व्यवस्था मिलाइएको छ ।

## निक्षेप सदस्य अन्तर्गतको अफरहरु:

"एक नेपाली, एक डिम्याट" खाता अभियान अन्तर्गत ग्राहकहरुलाई विभिन्न छुट सहित सहज, सरल र उच्च कोटिको ग्राहकमुखी सेवा उपलब्ध गराउने मुख्य उद्देश्यका साथ क्यापिटलले विशेष छुट सहित निम्न योजना संचालनमा ल्याएको छ ।

Ramendra

NIC ASIA CAPITAL

**NIC ASIA Capital Limited**
3rd Floor, Siddhartha Insurance Complex, Babarmahal, Kathmandu
Tel: 977-1-4221994, 4240664 Fax: 977-1-4222458 PO Box: 19001
**Email:** info@nicasiacapital.com **Website:** www.nicasiacapital.com

ISO 9001 : 2015 Certified Capital

## ३. CASH BACK OFFER

मर्चेण्ट बैंकहरुमै पहिलो पटक एन आई सी एशिया क्यापिटलले **"CASH BACK OFFER"** संचालनमा ल्याएको छ। एन आई सी एशिया क्यापिटल र एन आई सी एशिया बैंक मार्फत डिम्याट खाता खोली कारोवार गर्दै आईरहनु भएको डिम्याट खातावालाहरुले धितोपत्र/शेयरको कारोवार गर्दा DP लाई बुझाउनु पर्ने शुल्कको २० प्रतिशत रकम वा अधिकतम रु.१०० सम्म **CASH BACK** गरिदिने योजना संचालनमा ल्याएको छ।

## ४.Online-NIC ASIA Student DeMat Account Sewa:

**पछिल्लो समयमा डिम्याट खाता खोल्नेहरुमा विद्यार्थीहरुको संख्या बढ्दो क्रममा रहेको र विद्यार्थीहरुलाई थप प्रोत्साहन गरि छिटो-छरितो र सहजै रुपमा डिम्याट खाता उपलब्ध गराउने मुख्य उद्देश्यका साथ क्यापिटलले "Online-NIC ASIA Student DeMat Account Sewa" संचालन गरेको छ। यस सेवा अन्तर्गत विद्यार्थीहरुले निम्न सुविधाहरु प्राप्त गर्नेछन्।**

**(क) निःशुल्क डिम्याट खाता तथा पहिलो वर्षको खाता संचालन शुल्क छुट।**
**(ख) निःशुल्क मेरो शेयर खाता।**
**(ग) तुरुन्तै डिम्याट खाता उपलब्ध हुने।**
**(घ) डिम्याट नम्बर SMS मार्फत मोवाईलमै उपलब्ध गराईने।**
**(ङ) धितोपत्र खरिद/बिक्री कारोवारको जानकारी SMS मार्फत गराईने।**
**(च) २० प्रतिशत Cash Back Offer-DIS/EDIS शुल्क।**

## ५. ४ मा ५ OFFER:

डिम्याट खाता तथा मेरो शेयर खाता हरेक वर्ष नविकरण गरिराख्नु पर्ने भएकोले उक्त झन्झटबाट मुक्त हुनुको साथै लामो समयसम्म विदेशमा बस्नुपर्ने तथा देशको ग्रामिण क्षेत्रमा बसोबास गर्ने खातावालाहरुलाई विशेष लाभ पुऱ्याउने मुख्य उद्देश्यका साथ यस क्यापिटलले ४ मा ५ **OFFER** संचालनमा ल्याएको छ। यस OFFER अन्तर्गत डिम्याट खाता खोल्ने ग्राहकहरुले निम्न सुविधाहरु प्राप्त गर्नेछन्।

**(क) खाता खोल्दा लाग्ने शुल्क छुट।**
**(ख) ४ वर्षको डिम्याट खाता नविकरण शुल्क भुक्तानी गर्दा १ वर्षको शुल्कमा छुट।**
**(ग) ४ वर्षको मेरो शेयर निवकरण शुल्क भुक्तानी गर्दा ५ वर्ष सम्म ढुक्कसँग मेरो शेयर खाता संचालन गर्न मिल्ने।**
**(घ) तुरुन्तै डिम्याट खाता उपलब्ध हुने।**
**(ङ) डिम्याट नम्बर SMS मार्फत मोवाईलमै उपलब्ध गराईने।**
**(च) धितोपत्र खरिद/बिक्री कारोवारको जानकारी SMS मार्फत गराईने।**
**(छ) २० प्रतिशत Cash Back Offer-DIS/EDIS शुल्क।**

माथि उल्लेखित Cash Back Offer मा सहभागी हुनको लागि डिम्याट खातामा उल्लेखित बैंक खाता एन आई सी एशिया बैंकको हुनुपर्ने छ। साथै Online मार्फत डिम्याट खाता खेल्नुहुने ग्राहकहरुलाई आगमी चैत्र मसान्त, २०७७ सम्म निःशुल्क रुपमा डिम्याट खाता खोलिदिने व्यवस्था मिलाईको समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

NIC ASIA CAPITAL

...............................
रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत